**निर्णय नं. १ जानकारी सम्बन्धमा :-**
बगनासकाली गाउँसभाका अध्यक्षले गाउँसभाको उन्नाइसौं अधिवेशन आव्हान गरेको पत्रको व्यहोरा सभामा वाचन गरेर जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. २ विधेयक समितिको प्रतिवेदन प्रस्तुत सम्बन्धमा :-**
विधेयक समितिले पेश गरेको अर्ध वार्षिक प्रतिवेदन सर्वसम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा :-**
न्यायिक समितिले पेश गरेको अर्ध वार्षिक प्रतिवेदन सर्वसम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ राजस्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा :-**
राजस्व परामर्श समितिले पेश गरेको अर्ध वार्षिक प्रतिवेदन सर्वसम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ लेखा समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा :-**
लेखा समितिले पेश गरेको अर्ध वार्षिक प्रतिवेदन सर्वसम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ आर्थिक विकास समितिको प्रतिवेदन सम्बन्धमा :-**
आर्थिक विकास समितिले पेश गरेको अर्ध वार्षिक प्रतिवेदन सर्वसम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ सामाजिक विकास समितिको प्रतिवेदन सम्बन्धमा :-**
सामाजिक विकास समितिले पेश गरेको अर्ध वार्षिक प्रतिवेदन सर्वसम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो

**निर्णय नं. ८ पूर्वाधार विकास समितिको प्रतिवेदन सम्बन्धमा :-**
पूर्वाधार विकास समितिले पेश गरेको अर्ध वार्षिक प्रतिवेदन सर्वसम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ वन वातावरण तथा विपद व्यवस्थापन समितिको प्रतिवेदन सम्बन्धमा :-**
वन वातावरण तथा विपद व्यवस्थापन समितिले पेश गरेको अर्ध वार्षिक प्रतिवेदन सर्वसम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० सुशासन तथा क्षमता विकास समितिको प्रतिवेदन सम्बन्धमा :-**
सुशासन तथा संस्थागत विकास समितिले पेश गरेको अर्ध वार्षिक प्रतिवेदन सर्वसम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ गाउँ प्रहरी व्यवस्थापन सम्बन्धी विधेयक, २०८२ सम्बन्धमा :-**
बगनासकाली गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन सम्बन्धी विधेयक, २०८२ माथि सैद्धान्तिक छलफलका लागि सर्वसम्मत रुपमा पेश गर्ने निर्णय गरियो । गाउँ प्रहरी व्यवस्थापन सम्बन्धी विधेयक, २०८२ अनुसूची १ मा संलग्न रहेको छ ।

**निर्णय नं. १२ विनियोजन ऐन संशोधन सम्बन्धमा :-**

बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री हरि प्रसाद पाठकले पेश गर्नुभएको वार्षिक बजेट तथा कार्यक्रममा रकमान्तर/संशोधन सम्बन्धी विनियोजन ऐन २०८२ को पहिलो संशोधन सर्वसम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो । विनियोजन ऐन, २०८२ को पहिलो संशोधन अनुसूची २ मा संलग्न रहेको छ ।

**निर्णय नं. १३ शुन्य समय सम्बन्धमा :-**

सभाको बैठकमा सभाका सदस्यहरुले शुन्य समयमा उठाउनु भएका प्रश्नहरुमा सभाको ध्यानाकर्षण भएको छ । यस सभामा उठेका उल्लेखित सवालहरूका सम्बन्धमा गाउँकार्यपालिकाले आवश्यक सम्बोधन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १४ करार सेवाका कर्मचारीको म्याद थप सम्बन्धमा :-**

यस गाउँपालिकाको कार्यालयबाट संघिय दरवन्दी अनुसार विभिन्न समयमा प्रदेश लोक सेवा आयोगमा प्रशासन सेवा तथा स्वास्थ्य सेवाका कर्मचारीहरुको माग गरिएको भएता पनि कर्मचारी सिफारिस नहुँदा हालसम्म वडा सचिव जस्ता पदहरु रिक्त रहेको हुँदा सेवा प्रवाहमा समस्या रही आएको छ तथा एघारौं गाउँसभाबाट दैनिक कार्य चाँप र कार्यबोझका आधारमा गाउँपालिका स्थापना हुँदा संघिय सरकारले उपलब्ध गराएको संगठन तथा व्यवस्थापन संरचनामा पुराना पदहरु यथावत राखी सबै वडामा सहायक कम्प्युटर अपरेटर, अमिन तथा स्वास्थ्य इकाईमा दरवन्दी/पदहरु थप गरी संवत २०७८/०९/२७ गते नयाँ संगठन तथा व्यवस्थापन संरचना स्वीकृत भएको र उक्त थपिएका पदहरुलाई निरन्तरता नदिदा सेवा प्रवाहमा प्रतिकुल असर पर्ने देखिएको हुँदा गाउँपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, कृषि विकास शाखा, पशु सेवा शाखा तथा मातहतका सबै निकायहरुमा कार्यरत ज्यालादारी एवम् सेवा करारमा रहेका कर्मचारीहरुको भुमिका सन्तोषजनक रहेकोले आवश्यकता र औचित्यता समेतका आधारमा कर्मचारीहरुको करार सेवा म्याद मिति २०८२।१०।०१ गतेदेखि २०८३ साल असार मसान्तसम्म थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १५ संगठन तथा व्यवस्थापन संरचना सम्बन्धमा :-**

यस गाउँपालिकाको एघारौ गाउँसभाबाट दैनिक कार्य चाँप र कार्यबोझका आधारमा गाउँपालिका स्थापना हुँदा संघिय सरकारले उपलब्ध गराएको संगठन तथा व्यवस्थापन संरचनामा पुराना पदहरु यथावत राखी केहि दरवन्दी/पदहरु थप गरी संवत २०७८/०९/२७ गतेका नयाँ संगठन तथा व्यवस्थापन संरचना स्वीकृत हुँदा उक्त प्रतिवेदन स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका (देउखुरी) मा स्वीकृतिका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ अधिवेशन स्थगीत सम्बन्धमा :-**

बगनासकाली गाउँसभाकाको उन्नाइसौँ अधिवेशनको दोस्रो बैठक सूचना टाँसी बस्ने गरी पहिलो बैठक स्थगीत गर्ने निर्णय गरियो ।